# प्रेस विज्ञप्ति

नेपाल सरकारका सह-सचिव तुलसी प्रसाद गौतम कर्मचारी सञ्चय कोषको प्रशासकमा नियुक्त भएपछि २०७५ बैशाख १० गते कोषमा पदबहाली गर्नु भएको छ ।

नेपाल सरकार, अर्थ मन्त्रालय (वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा) को २०७५ बैशाख १० को पत्रानुसार कर्मचारी सञ्चय कोष ऐन, २०१० को दफा ६क तथा अर्थ मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदधिकारी तथा सदस्यको नियुक्ति र मनोनयन सम्बन्धि मापदण्ड, २०७३ बमोजिम ५ (पाँच) वर्षको लागि गौतम प्रशासकमा नियुक्त हुनु भएको हो ।

सह-सचिव गौतमलाई नेपाल सरकार (मन्त्रीपरिषद) को मिति २०७५ बैशाख ४ को बैठकले कोषको प्रशासक पदमा नियुक्त गर्ने निर्णय गरेको थियो ।

प्रशासक गौतमले आगामी एक महिनाभित्र नेपाल सरकार, अर्थ मंत्रालयसँग आगामी पाँच बर्षका लागि सम्पादन गर्नु पर्ने कामको मापनयोग्य लक्ष र सूचकहरु सहितको कार्य सम्पादन सम्झौता गर्नु पर्नेछ ।

उहाँले नेपालको सार्वजनिक प्रशासनमा २७ बर्ष देखि नेपाल सरकारको विभिन्न जिम्मेवारीमा रही अनुभव प्राप्त गर्नु भएको छ ।

आफ्नो पद बहालीका क्रममा प्रशासक गौतमले कोषमा कार्यरत रहुञ्जेल सञ्चयकर्ताको उच्चतम हीत र कोषको छवी उच्च राख्न तथा उच्चस्तरको सँस्थागत सुशासन कायम राख्ने प्रतिवद्धता व्यक्त गर्नु भयो ।

पदबहालीको कार्यक्रममा कोषमा कार्यरत उच्च पदस्थ अधिकारी, कोषमा कार्यरत ट्रेड युनियनका पदाधिकारी लगायत अन्य कर्मचारीहरुले प्रशासक गौतमको सफल कार्यकालका लागि शुभकामना दिनु भएको थियो ।

हाल कोषले ५ लाख ६० हजार सञ्चयकर्ताको २६० अर्ब वित्तीय श्रोत परिचालन गर्दै आएको छ ।

अर्जुन कुमार गौतम

प्रवक्ता, विभागीय प्रमुख

मिति २०७५। ०१ । ११